प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# संरक्षण पोखरी निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना:** बागमती प्रदेशका भौगोलिक दृष्टिकोणले उपयुक्त ठाँउहरुमा संरक्षण पोखरी निर्माण गरी गरि वर्षा याममा आकासे पानी सङ्कलन गर्ने, बाढी-पहिरो नियन्त्रणमा टेवा पुर्‍याउने, हिंउदमा घाँसपात तथा जङ्गलको हरियाली जोगाई राख्ने, सञ्चित पानीले खेतिपातीमा सिंचाई गर्ने, पर्यटकिय स्थल निर्माण गरि डुङ्गा सयरको प्रवन्ध मिलाउने, पशुलाई नुवाई-धुवाई गराउने तथा पशु आहाल बसाउने उद्देश्यले प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ अनुसार मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधि नाम **"संरक्षण पोखरी निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यक्रम"** भन्नाले संरक्षण पोखरी निर्माण कार्यक्रम कार्यान्वयन गर्न स्वीकृत बार्षिक कार्यक्रम र वजेट सम्झनु पर्छ ।

(ख) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ग) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(घ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले बागमती प्रदेशको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **"साझेदार संस्था"** भन्नाले ज्ञान केन्द्रसँग द्विपक्षिय सम्झौता गरेको स्थानीय तहलाई सम्झनु पर्छ ।

(छ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(ज) **"ज्ञान केन्द्र"** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

३. **उद्देश्य:** यो कार्यक्रमको उद्देश्य भौगोलिक हिसाबले उपयुक्त ठाँउहरुमा पोखरी निर्माण गरि :-

(क) आकासे पानी सङ्कलन गर्ने,

(ख) बाढी-पहिरो नियन्त्रणमा टेवा पुर्‍याउने,

(ग) घाँसपात तथा जङ्गलको हरियालीपना जोगाई राख्ने,

(घ) सञ्चित पानीले खेतिपातीमा सिंचाई गर्ने,

(ङ) पर्यटकिय स्थल सुधार गर्ने,

(च) सार्वजनीक स्थलको संरक्षण गर्ने ।

## परिच्छेद- २
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारीस गर्न तपशिल बमोजिमको मूल्याङ्कन समिति ज्ञान केन्द्रमा गठन गरिनेछः-

| | |
|---|---|
| (क) प्रमुख, ज्ञान केन्द्र | -संयोजक |
| (ख) बरिष्ठ अधिकृत/ अधिकृत, निर्देशनालय | -सदस्य |
| (ग) अधिकृत, ज्ञान केन्द्र | -सदस्य |
| (घ) प्रमुख, खरिद इकाई, ज्ञान केन्द्र | -सदस्य सचिव |

(२) मूल्याङ्कन समितिले बढीमा तीन जनासम्म विषय विज्ञलाई मूल्याङ्कन समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले स्थानीय आवश्यकता, भौगोलिक तथा प्राविधिक रुपमा सम्भाब्य, जनसहभागिता, दीगोपना, लागत सहभागिता र अन्य उपयुक्त आधारहरु बमोजिम मूल्याङ्कन मापदण्डहरुको आधारहरु तय गर्ने,

(ख) सञ्चालित कार्यको अनुगमन गरी कार्यन्वयनको सम्बन्धमा मार्गदर्शन र प्राविधिक सेवा दिने ।

(४) यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्र र स्थानीय तहले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन

५. **कार्यक्रम लागू हुने स्थानः** यो कार्यक्रम बागमती प्रदेशका धादिङ्ग, चितवन र मकवानपुर जिल्लाहरुको स्थानीय तहहरुमा सञ्चालन हुनेछ ।आवश्यकता र औचित्यको आधारमा आगामि आ.व. मा अन्य जिल्लाहरुमा निरन्तरता गरिनेछ ।

६. **प्रस्ताव आव्हानः** (१) ज्ञान केन्द्रले जिल्लाका स्थानीय तहहरुलाई १५ दिनभित्र लागत ईष्टिमेट र डिजाईन सहित प्रस्ताव पेश गर्न पत्रमार्फत सूचना गर्नेछ । स्थानीय तहहरुले अनुसूची-१ बमोजिमको प्रस्ताव र अनुसूची -२ बमोजिमको प्रतिबद्धता पत्र सहित सम्बन्धित ज्ञान केन्द्रमा आवेदन दर्ता गर्नु पर्नेछ।

७. **प्रस्तावको छनौटः** मूल्याङ्कन समितिले स्थानीय तहहरुवाट पेश भएको प्रस्तावको मूल्याङ्कन गरी मूल्याङ्कन समितिको सिफारिसको आधारमा ज्ञान केन्द्रले प्रस्ताव छनौट एवं स्वीकृत गर्नेछ ।

८. **सम्झौताः** (१) छनौट भएका स्थानीय तहलाई सम्झौता गर्न आउन ७ दिनको समयावधि दिई जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने स्थानीय तहसँग ज्ञान केन्द्रले अनुसूची -३ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

## परिच्छेद- ४
## आर्थिक पक्ष

९. **अनुदान रकम उपलब्ध हुने क्षेत्रः** (१) यस कार्यक्रम अन्तर्गत प्रदान गरिने अनुदान रकम बढीमा ८०% (अधिकत्तम ५० लाख) तथा कम्तिमा २०% साझेदार संस्थाको लागत साझेदारीमा निम्न कार्यका लागि खर्च गर्न सकिने छः-

क) पोखरी निर्माण गर्ने,
ख) पोखरीको परिषरमा बारबन्देज गर्ने,
ग) बारबन्देजमा गेट हाल्ने,
घ) पोखरी वरीपरी पर्यटक वस्नको लागि फलामे स्थलको निमार्ण ।

(२) उपदफा (१) मा उल्लेखित क्रियाकलापहरु अनुसूची-४ अनुसारको प्रस्तावमा अनिवार्य रुपले राखी बजेट तर्जुमा गर्नु पर्नेछ । यस अलावा साझेदार संस्थाले कुनै सिर्जनात्मक तथा नविन कृयाकलाप समेत प्रस्ताव गरी बजेट तर्जुमा गर्न सक्नेछ ।

१०. **भुक्तानी प्रक्रियाः** (१) अनुदान प्रवाह सम्झौतामा उल्लेख भए अनुसार प्रचलित नियम कानूनको अधिनमा रही बढिमा ३ किस्तामा साझेदार संस्थाको बैंक खाता मार्फत रकम उपलब्ध गराईने छ ।

(२) अनुदान रकम भुक्तानी लिन साझेदार संस्थाले सक्कल बील (PAN/VAT) भरपाई, कार्य प्रगति विवरण, कार्य सम्पन्न प्रतिवेदन, फोटो तथा अन्य आवश्यक कागजातहरु सम्वन्धित ज्ञान केन्द्रमा पेश गर्नुपर्नेछ । यसरी पेश भएको विवरण र कागजातको आधारमा साथै ज्ञान केन्द्रको प्राविधिकको अनुगमन प्रतिवेदन तथा सिफारिस आधारमा सम्बन्धित ज्ञान केन्द्रले साझेदार संस्थालाई अनुदान रकम भुक्तानी दिनेछ।

(३) दफा ९(१) अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्दा निर्माण सम्बन्धि पूर्वाधार तथा मेशिनरी औजार खरिदमा प्रयोग हुने अनुदान रकमवाट लागत अनुमान तयार गर्दा छुटयाउने कन्टिन्जेन्सि रकम आवश्यकताका आधारमा पचास लाख रुपैया सम्मको लागत अनुमानको हकमा बढीमा २% सम्म र सो भन्दा बढीको लागत अनुमानको हकमा बढीमा

१% सम्म हुनेछ । कन्टिन्जेन्सी रकम कार्यक्रम सम्बन्धित प्रत्यक्ष प्रशासनिक खर्चमा बाहेक अन्यत्र खर्च गर्न पाईने छैन ।

११. **आर्थिक प्रशासन सेवाः** यस कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६ बमोजिम हुनेछ ।

## परिच्छेद -६
## विविध

१२. **प्रगति प्रतिवेदनः** साझेदार संस्थाले चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ । संग्रहित प्रगति प्रतिवेदन कम्पाईल गरी ज्ञान केन्द्रले निर्देशनालयमा पठाउनु पर्नेछ ।

१३. **कार्यक्रमको प्रभावकारीताः** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

१४. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउने छ ।

१६. **कारवाहीको व्यवस्थाः** साझेदार संस्थाले अनुदान दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१७. **कार्यविधि संशोधन, परिमार्जन तथा खारेजीः** मन्त्रालयले यस कार्यविधिमा निर्देशनालयको सिफारिसमा आवश्यक संशोधन, परिमार्जन तथा खारेजी गर्न सक्नेछ ।

Anup Adhikari

2/10/

अनुसूची – १

(दफा ६ सँग सम्बन्धित)

**संरक्षण पोखरी निर्माण कार्यक्रम मा सहभागी हुनका लागि आवश्यक प्रस्ताव फारमको ढाँचा**

स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क व्यक्तिः

सम्पर्क नम्वरः

संरक्षण पोखरी निर्माणले ओगटेको क्षेत्रफलः

विस्तृत कार्ययोजना प्रस्तावः (प्रस्तावित आयोजनामा गरिने क्रियाकलापहरु, क्षेत्रफलको विवरण, भौगोलिक तथा प्राविधिक हिसावले सम्भाव्यता, दिगोपना, जनसहभागिता, वातावरणिय प्रभाव सहित विस्तृत रुपमा उल्लेख गरी लागत सहभागीता बारे अनिबार्य रुपमा विवरण खुलाएर पेश गर्ने )

लागत ईष्टिमेट सहितको डिजाईनमा उल्लेखित अन्य विवरण

हस्ताक्षर : छापः

नाम :

पद :

सम्पर्क न.

अनुसूची –२

(दफा ६ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

..........................को मिति..............................को सूचना अनुसार संरक्षण पोखरी निर्माण कार्यक्रम सञ्चालनमा सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा ज्ञान केन्द्रबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

**साझेदार संस्थाको तर्फबाट**

नामः

पदः

स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -३
### (दफा ८ को उपदफा २ सँग सम्बन्धित)
### सम्झौता -पत्र

यो सम्झौता पत्र, कृषि ज्ञान केन्द्र,.........(यस पछि पहिलो पक्ष भनिने) र.................जिल्ला.........गा.पा/नपा (यस पछि दोस्रो पक्ष भनिने) बीच संरक्षण पोखरी निर्माण कार्यक्रम सञ्चालन गर्ने गरी तपसिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

शर्तहरु

१. यो सम्झौता, सम्झौता भएको मिति.................... देखि प्रारम्भ भएको मानिनेछ ।
२. यो सम्झौतामा संलग्न स्वीकृत इष्टिमेट र डिजाईन बमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरी मिति......................सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।
३. यस सम्झौता बमोजिमको कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।
४. सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्नको लागि प्रथम पक्ष मार्फत अनुदान स्वरुप रु. ............................................र दोस्रो पक्षको लागत सहभागिता रु.......................... व्यहोरिनेछ । दोस्रो पक्षले अनुदान रकम देहाय अनुसारको बिषयमा मात्र खर्च गर्नु पर्नेछ । अन्यथा प्रथम पक्षबाट भुक्तानी हुने छैन ।

| विवरण | क्रियाकलाप | ईकाइ | परिमाण | दर | जम्मा | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १.पूर्वाधार | | | | | | | |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| | | | | | | | |

५. दोस्रो पक्षले सम्झौता बमोजिमको संरक्षण पोखरी निर्माण कार्यक्रम सञ्चालनको लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए सोको जानकारी प्रथम पक्षलाई गराउनु पर्नेछ ।
६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।
७. दोस्रो पक्षले कार्यक्रमको विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नु पर्ने छ ।
८. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष फोटो, बील पेश भए पछि यथासक्य चाडो सम्बन्धित दोस्रो पक्षको नाममा बैंक मार्फत भुक्तानी दिनेछ ।

९. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ । साथै संरक्षण पोखरीको संरक्षण गर्ने जिम्मा दोस्रो पक्षको हुनेछ ।

१०. दोस्रो पक्षले सम्झौताको शर्त र कार्यतालिका बमोजिम ................ मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

११. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१२. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| प्रथम पक्षको तर्फबाटः | दोश्रो पक्षको तर्फबाटः |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको छापः | साझेदारको छापः |

रोहवर

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको छापः | साझेदारको छापः |

इति सम्वत् .............. साल ................ महिना ......... गते रोज ........ शुभम् ।